# पाँचखाल नगरपालिकाको

# विनियोजन ऐन, २०७५

पाँचखाल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

**नगर सभाबाट स्वीकृत मिति : २०७५।०३।१७**

# <u>पाँचखाल नगरपालिकाको विनियोजन  ऐन, २०७५</u>

**पाँचखाल नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६  को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम  खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा  व्यवस्था  गर्न बनेको ऐन**

<u>सभाबाट स्वीकृत मितिः २०७५।३।१७ गते</u>

**<u>प्रस्तावनाः</u>**

पाँचखाल नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम  खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पाँचखाल नगर सभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्तनामर प्रारम्भः</u>** (१) यस ऐनको नाम “पाँचखाल नगरपालिकाको विनियोजन ऐन, २०७५ ” रहेको छ ।

(२) यो ऐन तुरुन्त  प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७५/०७६  को निमित्त सञ्चित  कोषबाट रकम  खर्च गर्ने अधिकार</u>**ः

(१) आर्थिकवर्ष २०७५/०७६ को निमित्त  नगरकार्यपालिका र अन्तर्गतका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५७,९८,२१,०००।- हजार (अक्षेरुपी सन्ताउन्न करोड अन्ठानब्बे लाख एक्काईस हजार रुपैया  मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित  कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्धारा सञ्चित  कोषबाट खर्च गर्न अधिकार दिइएको रकम  आर्थिक वर्ष २०७५/०७६  को निमित्त पाँचखाल नगरपालिका नगर कार्यपालिका कार्यालय र अर्न्तगतका वडा समितिको कार्यालय तथा विषयगत  शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त  विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि  कार्यपालिका र अन्तर्गतका वडा समिति र विषयगत  शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त  विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा  अपुग हुने देखिन  आएमा  नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा  नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को

एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | ७४५०० | २५७९०० | ० | ३३२४०० |
| २ | | सामाजिक सुरक्षा | ६२००० | ० | ० | ६२००० |
| ३ | | वडा समिति | ० | ० | ० | ० |
| ४ | | बिषयगत शाखा | १६६५०० | ० | ० | १६६५०० |
| ५ | | प्रदेश सरकारबाट सशर्त | ० | १८९२१ | ० | १८९२१ |
| ६ | | ऋणको सावा/ब्याज भुक्तानी | ० | ० | ० | ० |
| ७ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| **जम्मा** | | | **३०३०००** | **२७६८२१** | **०** | **५७९८२१** |